**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाण्डौंको**

## कुर्ची आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७३/१२/०३)**

दरभाउपत्र नं : “GSD/AU/SQ/08/73/74 ”

यस बैंकको प्रयोगको लागि ८० थान साधारण कुर्ची (Raxine Cover Medium Back) तथा ७० थान अधिकृतस्तरीय कुर्ची (Raxine Cover High Back) दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीबाट यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७३/१२/१७ गते (दिनको ४.०० बजे) सम्म दरभाउपत्र फाराम रु.५००।- (अक्षरेपी पाँच सय मात्र पछि फिर्ता नहुने) तिरी सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँटबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र मिति २०७३/१२/१८ गते (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) दिनको १२.३० बजे भित्र सामान्य सेवा विभाग बालुवाटार, काठमाडौमा आईपुग्ने गरी पेश गर्न सकिनेछ । दरभाउपत्र सोही दिन अपरान्ह २.३० वजे खोलिनेछ ।

दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापत रु.४५,०००।०० (अक्षरेपी पैंतालीस हजार मात्र) यस बैंकको बैकिङ्ग कार्यालय थापाथली स्थित खाता नं ११०९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर (भौचरको पछाडिपट्टी अनिवार्य रुपमा फर्म, संस्था वा कम्पनीको नाम खुलाई दस्तखत र छाप लगाउनु पर्नेछ) वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको यस बैंकबाट ईजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानतपत्र संलग्न गर्नु पर्नेछ । दरभाउपत्र सम्बन्धी सम्पूर्ण शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् । साथै, यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ । दरभाउपत्र सम्वन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौमा सम्पर्क राख्न सकिनेछ ।

सामान्य सेवा विभाग
बालुवाटार